FOR NEPALI BY NEPALI
"नेपालीका लागि नेपाली"

**Non-Resident Nepalese Association**
**गैर- आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, यूएई**

*Ref No. 09/008*

२० जुलाई २००९

# संघको मध्यपूर्व भेलाबारे सूचना ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय समन्वय परिषद, यूएईको अन्तराष्ट्रिय परामर्श, क्षेत्रिय सल्लाहका आधारमा कार्यसमितिको बैठकले गरेको निर्णय अनुरुप गैर आवासीय नेपालीहरुको मध्यपूर्वको क्षेत्रिय भेला आगामी अगष्त २८ तथा २९ गते यु.ए.ई.को दुबईमा हुने तय भएको छ ।

मध्यपूर्वका राष्ट्रहरु यु.ए.ई., कतार, साउदी अरेविया, बहराइन, कुवेत, ओमान, लेवनान, यमन तथा नजिकका एन आर एन, एन सी सीहरुको क्षेत्रिय भेला गरी विशेषत: मध्यपूर्वमा भएका समस्याहरुको पहिचान तथा यहाँ स्थित उपलब्ध अवसरहरुका बारेमा छलफल र मध्यपूर्वका एन आर एनमा भएका साझा एजेण्डाहरुलाई आगामी गैर आवासीय नेपाली संघको चौथो सम्मेलनमा प्रस्तुत गर्नको लागि तय गरिने । अन्तराष्ट्रिय समन्वय परिषदमा उमेदवारी दिने उमेदवारहरुलाई मध्यपूर्वमा आई आपसी समझदारी र सहमतिबाट सके सम्म निर्विवाद रुपमा विना चुनाव सहमति गर्नको लागि तथा उमेदवारहरुले आगामी २ वर्षको कार्यकालमा गरिने गैर आवासीय अभियानका बारेमा आ-आफ्नो विचारहरु राख्नको लागि उक्त मन्च खुला रहने जानकारी गराउन चाहान्छौं ।

यस भेलामा मध्यपूर्वका गैर आवसीय नेपाली संघका राष्ट्रिय परिषदका अध्यक्ष तथा प्रतिनिधि, अन्तराष्ट्रिय परिषदका प्रधिनिधिहरु तथा क्षेत्रिय प्रतिनिधीहरु तथा इच्छुक सम्पूर्ण महानुभावलाई निमन्त्रणा गर्दछौं । साथै यसै सुचना द्वारा भिसा तथा अन्य व्यवस्थाको लागि अग्रिम जानकारी एन सि सि, यू ए ई लाई उपलब्ध गराउनु हुन पनि अनुरोध गर्दछौं । कार्यक्रमको विस्तृत विवरण मिडिया मार्फत सबैलाई उपलब्ध गराउने जानकारी अनुरोध गर्दछु ।

सधन्यवाद ।

चुडामणी ढकाल

अध्यक्ष

c/o P.O.Box: 97578, Dubai, UAE Tel: +971 4 271 5656, Fax: +971 4 271 4746, Email: nrnuae@gmail.com